**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः २१ मार्च २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले यूनाइटेड किंगडम (युके) भ्रमण अघि सरकार र पार्टीको काम सुचारु रूपमा सञ्चालनका लागि विशेष टोली गठन गरेको स्पष्ट गर्नु भएको छ। उहाँ आजको साटो भोलि लन्डन जानुहुनेछ।

- अन्तर्राष्ट्रिय खेलकुद चलचित्र महोत्सव आजदेखि रामकिंकर प्रदर्शनी हल (दीनबन्धु मंच), सिलगढीमा सुरु भएको छ|

- प्राथमिक शिक्षालाई सुव्यवस्थित अनि सिस्टममा लैजान डिजिटल बहिको 'नोट क्याम' को प्रयोग जीटीए क्षेत्रका प्राथामिक विद्यालयहरुमा शुरु गरिएको छ।

- खरसाङ नगरपालिका अन्तर्गत रहेका झोडा-नालाहरू बर्खा लाग्न अघि नै साफ-सफाई गर्ने कार्य शुरू गरिएको छ।

- मौसम विज्ञान विभाग (आईएमडी)-ले आजदेखि बंगलमा तीव्र हावाहुरी सहित पानी पर्ने सम्भावना व्यक्त गरेको छ।

**मुख्यमन्त्री ममता बनर्जी**

श्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले यूनाइटेड किंगडम (युके) भ्रमण अघि आफ्ना निकट सहयोगीहरूलाई राज्य सरकार र तृणमूल कांग्रेसको कामकाजको जिम्मेवारी सोप्नु भएको छ। उहाँले आफ्नो अनुपस्थितिमा सरकार र पार्टीको काम सुचारु रूपमा सञ्चालनका लागि विशेष टोली गठन गरेको स्पष्ट गर्नु भएको छ।मुख्यमन्त्री ममता बनर्जीले राज्य सरकारको कामको निरीक्षण पाँच सदस्यीय कार्यदलले गर्ने बताउनुभएको छ, जसमा अर्थ राज्यमन्त्री (स्वतन्त्र प्रभार) चन्द्रिमा भट्टाचार्य, शहरी विकास मन्त्री फिरहाद हाकिम, ऊर्जा मन्त्री अरुप विश्वास, महिला तथा बाल विकास मन्त्री शशि पञ्जा र अग्निशमन मन्त्री सुजित बोस समावेश हुनेछन्।साथै, पार्टीको काम तृणमूल कांग्रेसका महासचिव तथा सांसद अभिषेक बनर्जी र पार्टीका प्रदेश अध्यक्ष सुब्रत बक्षीले हेर्नुहुनेछ। मुख्यमन्त्रीले आवश्यक परेमा आफू मोबाइल फोनमा उपलब्ध हुने पनि बताउनुभयो।यस अवधिमा, ममता बनर्जीले अक्सफोर्ड विश्वविद्यालयसँग सम्बद्ध कलेजमा व्याख्यान दिनुहुनेछन् साथै विभिन्न व्यापारिक बैठकहरूमा भाग लिनुहुनेछ, यी बैठकहरुमा उहाँले पश्चिम बंगालमा लगानी आकर्षित गर्ने प्रयास गर्नुहुनेछ। उहाँ आजको साटो भोलि लन्डन जानुहुनेछ।

****** ० ******

**'सेवाश्रय' शिविर**

तृणमूल कंग्रेसका राष्ट्रिय महासचिव तथा सांसद अभिषेक ब्यनर्जीद्वारा डायमण्ड हार्बरमा शुरू गरिएको ‘सेवाश्रय’ शिविर हिज समाप्त भयो। शिविर 75 दिनसम्म संचालन भयो जसमा 12 लाखभन्दा अधिक मानिसहरूलाई विभिन्न चिकित्सा सुविधा प्रदान गरियो। आज तृणमूलद्वारा जारी एक विज्ञप्तीमा, यस शिविरमा न्यूरोलोजिकल बिमारीहरूदेखि लिएर हृदय रोगहरूसम्मको उपचार गरिएको अनि अन्य राज्यहरूबाट पनि मानिसहरू उपचारका लागी शिविरमा आएको बताइएको छ ।अभिषेक ब्यनर्जीको कार्यालयद्वारा जारी आंकड़ा अनुसार ‘सेवाश्रय’ शिविरमा मोठ 12 लाख 35 हजार 773 मानिसहरूलाई चिकित्सा सेवा प्रदान गरियो। यस अवधि 70 दिनसम्म सामान्य क्याम्प अनि 5 दिनसम्म मेगा क्याम्प आयोजना गरियो| यो सिविर 2 जनवरीदेखि शुरू भएको थियो।

****** ० ******

**अन्तर्राष्ट्रिय खेलकुद चलचित्र महोत्सव**

अन्तर्राष्ट्रिय खेलकुद चलचित्र महोत्सव आजदेखि रामकिंकर प्रदर्शनी हल (दीनबन्धु मंच), सिलगढीमा सुरु भएको छ, यो महोत्सव २३ मार्चसम्म चल्ने छ। यस महोत्सवमा अमेरिका, इरान, श्रीलंका, काजाकिस्तान र भारतका १२ अविश्वसनीय चलचित्रहरू प्रदर्शन गरिनेछ।

****** ० ******

**सुजय कृष्ण भद्र**

पश्चिम बंगालको बहुचर्चित चर्चित स्कूल भर्ती घोटालाका मुख्य अभियुक्त सुजय कृष्ण भद्रले आफ्नो अन्तरिम जमानत बढाउनको लागि कलकत्ता उच्च न्यायलयको डिभिजन बेन्चमा निवेदन दिएका छन्। उनलाई गत महिना न्यायाधीश अरिजित बनर्जी र न्यायाधीश अपूर्व सिन्हा रायको डिभिजन बेन्चले स्वास्थ्यको आधारमा अन्तरिम जमानत दिएका थियो, जुन ३१ मार्चमा समाप्त हुनेछ। अब जमानत अवधि समाप्त हुन केवल दस दिन बाँकी छ, जसका कारण भद्राले सोही डिभिजन बेन्चमा जमानत विस्तारको लागि निवेदन दिएका छन्।यस मुद्दाको सुनुवाइ २४ मार्चमा हुनेछ।

****** ० ******

**'नोट क्याम'**

प्राथमिक शिक्षालाई सुव्यवस्थित अनि सिस्टममा लैजान डिजिटल बहिको 'नोट क्याम' को प्रयोग जीटीए क्षेत्रका प्राथामिक विद्यालयहरुमा शुरु गरिएको छ।शिक्षकहरु समयमा पाठशाला आउँदैन, विद्यालयमा विद्यार्थीहरू अधिकतर अनुपस्थित रहन्छन् भन्ने जस्ता आरोप अनि गुनासो आई नै रहन्छ। यसै कुरालाई ध्यानमा राखेर पहाडको सरकारी प्राथमिक विद्यालयहरूमा डिजिटल बहिको 'नोट क्याम' को प्रयोग शुरु गरिएको छ। सरकारी प्रथमिक पाठशालाहरुले निजी विद्यालयसँग प्रतिस्पर्धा गर्नुपर्छ। अभिभावकहरुको सरकारी विद्यालयप्रतिको अवधारणा परिवर्तन गर्नुपर्छ। यदि पाठशालामा विद्यार्थी नै रहेनन् भने गुणस्तर शिक्षा प्रदान गर्नु सकिएन भने हाम्रो प्राथमिक विद्यालयका शिक्षक शिक्षिकाको सेवालाई कसरी प्रयोग गर्ने? यी समस्याहरुको विमर्श गरेर मात्र होइन, निवारण गर्न पहल पनि शुरु गर्नुपर्छ। त्यसैले जीटीए प्राथमिक शिक्षा विभागले पूर्वाधार निर्माणदेखि शिक्षक प्रशिक्षण जस्ता पहलहरु शुरु गरेको छ। जीटीए मुख्य कार्यपाल अनित थापाले डिजीटल बहि सुरु गरिएकोमा विद्यालयहरुलाई शुभकामना दिंदै भन्नुभयो, "विद्यार्थीहरू खेतबारीमा होइन, शिक्षकहरू कार्यालयमा होइन तर खुल्ला विद्यालयको कोठा अनि मैदानमा हुनुपर्छ। त्यही सोच राखेर हामीले विद्यार्थी अनि शिक्षकहरुको उपस्थिति बहिलाई डिजिटल बनाएका छौं। हरेक दिन विद्यालयले बहि रिपोर्ट सर्कल कार्यालयमा पठाउनेछ। विभागका अधिकारीहरुले मनिटरिङ गर्नेछन्। यो पहललाई हरेक विद्यालयले उत्साह अनि सफलतापूर्वक आफ्नो विद्यालयमा लागू गर्नेछन् भन्ने विश्वास राखेको छु। प्राथमिक शिक्षालाई अघि लैजाने जिम्मेवारी हरेक प्राथमिक शिक्षक शिक्षिकाको हो।"

****** ० ******

**खरसाङ नगरपालिका**

खरसाङ नगरपालिका अन्तर्गत रहेका झोडा-नालाहरू बर्खा लाग्न अघि नै साफ-सफाई गर्ने कार्य शुरू गरिएको छ। शहरको सफाई कार्य निरन्तर गरिरहेको भए पनि शहर छेत्रका कतिपय असभ्य मानिसहरूले अझै पनि बेलुकीको समयमा मौका छोपेर झोडा नाला बाटो किनारातिर मैला फ्याँलेर खरसाङकै कुसंस्कार झल्काउने कार्य गरिरहेको नगरपालिकाले जनाएको छ। यसै क्रममा आज खरसाड नगरपालिकाको सेन्ट्री इन्स्पेक्टर रमेश सुब्बा द्धारा सफाई कार्य गरिएको छ ।

****** ० ******

**मेयर गौतम देव**

शहरवासीलाई पिउने पानीको समस्याबाट राहत प्रदान गर्न, सिलगडीका मेयर गौतम देवले आज फुलबारीमा अमृत 2.0 परियोजनाको पानी प्रशोधन प्लान्टको दोस्रो चरणको कामको शिलान्यास गर्नुभयो। दोस्रो चरणमा लगभग 287 करोड 20 लाख रुपियाँको लागतमा पानी प्रशोधन केन्द्र निर्माण गरिनेछ।प्राप्त जानकारी अनुसार, २०४ करोड रुपैयाँको लागतमा यस कामको पहिलो चरण केही महिना अघि गजलडोबामा सुरु भएको छ।

****** ० ******

**साङमा अनि टर्जम चियावारी लक आउट घोषणा**

चिया बोनसलाई केन्द्र गरेर  देखा परिरहेको  ताजा अस्थिरताबीच आज साङमा अनि टर्जम चियावारीलाई अनिश्चितकालका लागि लक आउट को घोषणा गरिएको छ। जय श्री टी एण्ड ईण्डसट्रीजअधिनस्थ सञ्चालित उक्त चियावारीमा काम गर्ने अनुशासित परिवेश रहने लिखित प्रतिश्रुति नपाएसम्म लक आउट जारी रहने प्रबन्धन पक्षले नोटिश जारी गरेको छ। यसबीच काम नभए हाजिरा नहुने स्पष्ट अडान रहे तापनि बत्ती, पानी, दबाई अनि चौकीदारीलाई लक आउटबाट छुट प्रदान गरिएको छ। यता लक आउट-को नोटिशलाई केन्द्र गरेर दोधारमा परेका श्रमिकहरुले प्रबन्धन पक्षविरुद्ध प्राथमिकी दर्ता गर्ने बताएका छन् भने कमानको चल अचल सम्पत्ति सुरक्षित राख्न सबै सजग हुनपर्ने अपिल गरेका छन्। यता चियावारी केन्द्र गरेर पहाडका राजनैतिक दल अनि जनप्रतिनिधिहरुको मौनतामाथि पनि उनीहरुले गुनासो पोखेका छन्।

****** ० ******

**आईपीएल विशेष ट्रेन**

आईपीएलको नयाँ सत्र शुरू हुन अब एक दिन मात्र बाँकी छ। यसपालिको पहिलो प्रतिस्पर्धा क्रिकेट प्रेमीहरूका लागि विशेष हुने छ। किनभने यो ऐतिहासिक इडेन गार्डन्समा खेलिनेछ। त्यसैले दर्शकहरूको सुविधाको लागि पूर्व रेलवे तथा मेट्रो रेल प्रबन्धनले विशेष व्यवस्था गरिदिएको छ। रेलवेले म्याचको दिन रातीको समय विशेष ट्रेनहरूलाई संचालन गर्ने निर्णय लिएको छ भने कोलकाता मेट्रोले पनि अतिरिक्त सेवा प्रदान गर्ने भएको छ। शनिवार कोलकाता नाइट राइडर्स तथा रोयल च्यालेञ्जर्स बेंगलोरबीच हुने म्याचको लागि रेलवेले दुईवटा अतिरिक्त ट्रेनहरूलाई संचालन गर्ने निर्णय लिएको छ। पहिलो विशेश ट्रेन राती 11:50 बजे प्रिन्सिप घाटबाट प्रस्थान भएर लगभग 1:00 बजे बारासात पुग्नेछ भने दोस्रो ट्रेन राती 12:00 बजे बिबादी बागदेखि प्रस्थान भएर 1:32 बजे बारूईपुर पुग्नेछ। यी दुवै ट्रेन 22 अप्रेल, 23 मई र 25 मईमा पनि चल्नेछ। मेट्रो अधिकारीहरू अनुसार एस्प्लेनेड स्टेशनमा टिकट काउण्टर खुल्ला रहनेछ ताकि यात्रीहरूलाई सहजै टिकट उपलब्ध होस्। तथापि यस विशेष सेवाको ला लिनका लागि यात्रीहरूले सामान्य भाड़ा अतिरिक्त 10 रुपियाँ दिनुपर्नेछ।

****** ० ******

**मिरिक मञ्जुश्री**

मिरिकको मञ्जुश्री एग्रीकल्चर प्राइभेट लिमीटेड अधिनस्थ पर्ने सिङबुली चियाकमान लगायत यसको चारवटा डिभिजन टिङलिङ, मरमा,मञ्ज र सिङबुली चियाकमान बितेको ६ मार्चदेखि अचल छ। नो वर्क नो पे-को नोटिस छोडेर गएका  प्रबन्धक पक्ष आजसम्म फर्केका छैनन् ।श्रमिकहरु सडकमा आएर दैनिक चियाकारखाना ,चियाकमान कार्यलय

अधि बसेर धरना जुलुस गरिरहेका छन्।  कमानलाई सुचारू गर्न सरकारले नै हस्तक्षेप गरिनु पर्ने माग श्रमिक संगठनहरूले उठाएको छ।आइजीजेएफको श्रमिक संगठनका केन्द्रीय सदस्य रोजेश थापाले आज सञ्चार कर्मीहरु सँग कुराकानी गर्दै मंगलबार श्रमिक भवन सिलगढीमा त्रिपक्षिय सभा भएको तर यस सभामा पनि कुनै ठोस निर्णय नभएको बताउनु भयो।

****** ० ******

**याङ माकुममा बाटो निर्माणको शिलान्यास**

आज जीटीए मुख्य कार्यपाल अनित थापाले जरायोटार, याङमाकुम जी.पी., कालेबुङमा आयोजीत एक कार्यक्रममा पंचायत अनि ग्रामीण विकास विभाग, डब्ल्यु.बी.एस.आर.डी.ए., कालेबुङ डिभिजन MRL-24 पोटली संख्या WB:25-301, प्रधान मन्त्री ग्राम सड़क योजना अन्तर्गत हनुमान फाटकदेखि फ्याङटार-कम्वलहुँदै चुइखिमसम्म जाने सड़क निर्माण परियोजनाको शिलान्यास गर्नुभयो।निर्माण हुने बाटोले अब मानिसहरुलाई सिलीगुडी पुग्नु सजिलो हुनेछ यसका साथै यहाँको सानो सानो खोलाको बगरलाई पर्यटन स्थलहरूमा परिणत गर्नु सकिनेछ।

****** ० ******

**मौसम**

पश्चिम बंगालमा मौसमको स्वरूप बिग्रिन लागेको छ।  मौसम विज्ञान विभाग (आईएमडी)-ले आजदेखि राज्यमा तीव्र हावाहुरी सहित पानी पर्ने सम्भावना व्यक्त गरेको छ। अलिपुर मौसम विभागले राज्यका 15 वटा जिल्लाहरूकोलागि अरेञ्ज अलर्ट जारी गरेको छ। यी जिल्लाहरूमा बज्रपात हुने तथा 50-60 किलोमीटर प्रतिघण्टाको गतिले तीव्र हावा चल्ने चेताउनी दिएको छ। केही क्षेत्रहरूमा असिना पानी पनि पर्नसक्छ। उत्तर बंगालमा यस्तो मौसम आगामी आइतवारसम्म यथावत रहने आशंका व्यक्त गरिएको छ। आज अनि भोलि उत्तर बंगालभरि नै यल्लो अलर्ट जारी गरिएको छ। यस अवधि 30-40 किलोमीटर प्रतिघण्टाको गतिले तीव्र हावा चल्नसक्छ। भोलि हावा अनि वर्षाको प्रभाव अधिक बढ्ने सम्भावना छ।

****** ० ******